annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८० पृष्ठ ८ | काठमाडौं, शुक्रबार २ साउन २०८२ | श्रावण कृष्णपक्ष अष्टमी नेपाल संवत् ११४५ | FRIDAY, JULY 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## २०८१/८२ को अर्थतन्त्र


# सूचक बलिया, चुनौती कायमै

कोभिडपछि थलिएको अर्थतन्त्रमा विस्तारै सुधारका संकेत देखिएका छन्। अर्थतन्त्रका बाह्य सूचक निरन्तर बलियो बन्दै छन्। तर, आन्तरिक अर्थतन्त्र अझै सुदृढ भइसकेको छैन। बजारमा माग बढ्न सकेको छैन। उद्योग-कलकारखाना पूर्ण क्षमतामा चल्न सकेका छैनन्। यद्यपि, गत वर्ष अर्थतन्त्र सुधार्ने भनेर सरकारले थुप्रै नीतिगत सुधार गर्‍यो। अब तिनको कार्यान्वयन गरेर प्रतिफल दिलाउन सरकारले गम्भीर भएर लाग्नुपर्ने अर्थविद्हरूको सुझाव छ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

– को रिपोर्ट




*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

# पत्थरीको अप्रेसन गरियो, तर पत्थरी नै भेटिएन

## प्रदेश अस्पतालमा एकपछि अर्को घटना

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

सुर्खेत लेकबेंसी-१० बस्ने रामु साउद पेट दुख्ने समस्या लिएर दुई महिनाअघि प्रदेश अस्पताल सुर्खेत पुगिन्। डाक्टरले चेकजाँच गरे। भिडियो एक्स-रे गर्न लगाइयो। प्रदेश अस्पतालमा सिटीस्क्यान बिग्रिएको भन्दै वीरेन्द्रनगर बजारमै रहेको देउती नर्सिङहोमा सिटीस्क्यान गर्न पठाइयो। मिर्गौलामा पत्थरीको समस्या देखाइयो। अप्रेसनका लागि असार ३० गतेको 'डेट' दिइयो।

डेटअनुसार उनी अस्पताल पुगिन्। तर, अप्रेसन थियटरभित्र सादा एक्स-रे गरियो। मिर्गौलामा पत्थरी देखिएन। र, पनि उनको अप्रेसन गरियो। तर, मिर्गौलामा पत्थरी फेला परेन। हाल रामु प्रदेश अस्पतालको सर्जरी वार्डको १ सय २० नम्बर बेडमा स्वास्थ्यलाभ गरिरहेकी छिन्।



**अस्पतालमा पत्थरीको अप्रेसन गराएर पत्थरी नभेटिएपछि सर्जिकल वार्डमा उपचार गराइरहेकी बिरामी रामु साउद।** ● बिस्नप्रसाद न्यौपाने

### च्याउ टिपेर गुजारा, औषधिउपचारमै समस्या

मुगुको राराछायानाथ-१२ की रामु सुर्खेतको लेकबेंसीमा परिवारसँग बस्छिन्। जंगलबाट च्याउ टिपेर बिक्री गर्दै परिवारको गुजारा चलाइरहेकी छिन्। तर, प्रदेश अस्पतालले जबरजस्त थप बिमारी बनाइदिएपछि उनको परिवारको दैनिकी गुजारामै समस्या भएको छ। अर्कोतिर, देउती नर्सिङ होममा सिटीस्क्यान गर्दा १२ हजार र प्रदेश अस्पताल सुर्खेतमा अप्रेसन गर्दा २०/२५ हजार खर्च भइसकेको छ। थप उपचार गर्न र औषधि किन्नका लागि पैसाको अभाव छ।

'अस्पतालले भनेअनुसार भिडियो यक्सरे, सिटीस्क्यान सबै जाँच गरे। डाक्टरले तपाईंको मिर्गौलामा १३ एमएमको पत्थरी छ भन्नुभयो,' रामुले भनिन्, 'तर अप्रेसन गर्दा पत्थरी नै फेला परेन्। मलाई अनावश्यक रूपमा दु:ख दिने काम भयो। न मेरो पैसा जोगियो, न मलाई सुख भयो। न मेरो पेट दुखाइको बिराम पत्ता लगाइयो। मेरो स्वास्थ्यमाथि गम्भीर खेलवाड गरियो।

अस्पतालमा डाक्टर भनेका भगवान् भनेर आएँ। तर, भगवानबाटै म माथि अन्याय भयो।' खर्च भएको पैसा, अप्रेसन गर्दाको पीडा र अस्पतालमा पाएको दु:खको क्षतिपूर्ति कसले दिने हो? रामुले प्रश्न गरिन्।

### उल्टै धम्की

पत्थरी नै नभई किन अप्रेसन गरेको भनेर डाक्टरलाई सोध्दा उल्टै धम्की दिने गरिएको रामुले पीडा पोखिन्। आफन्तले प्रश्न गर्दा आफूलाई पनि धम्क्याउने गरिएको रामुका पति खडानन्दले बताए। 'मेरो श्रीमतीको चेकजाँच गरेको फाइल अस्पतालका स्टाफहरूले राखेका छन्,' पति खडानन्दले भने, 'बिरामीको बेडमा डकुमेन्ट पनि केही छैनन्।

> भिडियो एक्स-रे र मिर्गौलामा सिटीक्यानले पत्थरी देखायो। त्यसैका आधारमा अप्रेसन गर्दा पत्थरी फेला परेन।
>
> **डा.गणेश थापा,**
> निमित्त प्रमुख, प्रदेश अस्पताल

आफन्तहरूले फोनबाट डाक्टरलाई सोधेकै विषयमा मलाई डाक्टरहरू आएर पटक-पटक थर्काउने काम गरिरहेका छन्। यसबाट हामीलाई थप पीडा भइरहेको छ। अस्पताल र डाक्टरप्रति थप प्रश्न उब्जाएको छ।'

प्रदेश अस्पतालका निमित्त प्रमुख डा.गणेश थापाले बिरामी रामुको अप्रेसन गर्दा पत्थरी फेला नपरेको स्वीकार गरे। 'भिडियो एक्सरे र मिर्गौलामा सिटीक्यानले पत्थरी देखायो। त्यसैका आधारमा अप्रेसन गर्दा पत्थरी फेला परेन्,' डा. थापाले भने, 'मिर्गौलाको इन्डोस्कोपी गरेर दूरबिनबाट पनि हेरेको हो। तर, पत्थरी फेला परेन। लुकेको पनि हुन सक्छ। बाहिर आएको पनि हुन सक्छ। दूरबीनले नदेखेको पनि हुन सक्छ। फेरि सिटीस्क्यान गर्ने योजना छ। हाम्रो लापरबाही होइन्।'

### यस्ता लापरबाही त कति-कति ?

०७८ असोज २२ गते दैलेखको नारायण-४ की साढे दुई वर्षीया बालिका कसुम कटुवाललाई प्रदेश अस्पतालमा भर्ना गरियो। नाकमा मकैको दाना अडकएर श्वास-प्रश्वासमा समस्या भएपछि उनलाई जिल्ला अस्पताल दैलेख पुर्‍याइयो। तर, त्यहाँ मकैको दाना निकाल्ने औजार नभएको भन्दै प्रदेश अस्पताल सुर्खेतमा रेफर गरिएको थियो। परिवारका सदस्यले कुसुमको सहज उपचार हुने आशासहित प्रदेश अस्पताल पुर्‍याएका थिए।

प्रदेश अस्पतालमा स्तरीय उपचार हुने दाबी गरिएको थियो। अस्पताल भर्ना गरिएकी कसुमलाई खासै समस्या नरहेको तर नाकमा अडकएको मकैको दाना निकाल्न असहज भएको र आईसीयू खाली नभएको भन्दै अस्पतालले त्रिवि शिक्षण अस्पताल लैजान सुझाव दियो। यद्यपि आईसीयू खाली भएमा प्रदेश अस्पतालमै उपचार हुने आश्वासन अस्पतालले दियो। अस्पतालको आश्वासनमा परेका परिवारले नजिकै उपचार हुन्छ भने किन काठमाडौं लैजाने भन्दै आईसीयू खाली हुने पालो कुरेर बसे।

तर, असोज २३ गते राति चिकित्सकहरूले कुसुमको मृत्युको घोषणा गरिदिए। एकछिन अघिसम्म बोलचाल गर्ने बालिकाको एक्कासि मृत्यु भएको खबर पाएपछि आफन्तहरू अचम्मित भए। डाक्टरको लापरवाहीले मृत्यु भएको भन्दै विरोध जनाए। तर, अस्पताल प्रशासन आरोप स्वीकार्न तयार भएन। त्यसपछि आक्रोशित आफन्तले अस्पतालका भौतिक संरचना तोडफोड गरे। एनेस्थेसिया औषधिको मात्रा बढी दिएपछि बालिकाको मृत्यु भएको आफन्तको आरोप थियो। तर, अस्पतालले बालिकाका आफन्तले गरेको दाबीको प्रतिवाद गर्न न अनुसन्धान रिपोर्ट सार्वजनिक गर्न सक्यो, न त मृत्युको कारण नै प्रष्ट पार्‍यो। अस्पतालले घटना थामथुम पार्‍यो।

### सुत्केरीको मृत्यु

०८० भदौ २९ गते सुर्खेतको पञ्चपुरी-२ की जानकी रेग्मीलाई सुत्केरी व्यथाले च्यापेपछि प्रदेश अस्पतालको प्रसूति वार्डमा भर्ना गरियो। सोही दिन सुत्केरी भइन्। सुत्केरी भएपश्चात् स्वास्थ्यमा समस्या देखा पर्‍यो। अप्रेसन वार्डमा लगेर शल्यक्रिया गरियो। तर, भदौ ३१ गते अस्पतालले मृत्युको घोषणा गरिदियो। 'छोरा जन्मेपछि बुहारीलाई जनरल वार्डमा राखियो, त्यतिबेलासम्म अवस्था सामान्य नै थियो।

» बाँकी पृष्ठ ६

# एमालेमा ७० वर्षे उमेर हद र २ कार्यकाल हटाइयो



**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेमा ७० वर्षे उमेर हद र २ कार्यकाल मात्रै पदाधिकारी बन्न पाउने व्यवस्था हटाइएको छ। उपाध्यक्ष विष्णु पौडेलले विधान संशोधनको प्रस्तावमा उमेर हद र २ कार्यकाल हटाउने प्रस्ताव गरेका थिए। पार्टीको मध्यरातसम्म चलेको सचिवालय बैठकले यस्तो निर्णय गरेको हो।

यस्तै, पौडेलले पेस गरेको संशोधन प्रस्तावमा वरिष्ठ उपाध्यक्ष पद खारेज गर्ने प्रस्ताव गरिएको छ। १०औं महाधिवेशन अघि भएको विधान अधिवेशनबाट यो पद सिर्जना गरिएको थियो। हाल एमालेको वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल छन्। पोखरेल लगायतका नेताहरूले वरिष्ठ उपाध्यक्ष पद हटाउने प्रस्तावमा असहमति जनाएका छन्। यस्तै, उपाध्यक्ष पौडेलले विद्यमान १९ पदाधिकारी संख्या घटाएर ११ राख्ने प्रस्ताव गरेका थिए। पौडेलको प्रस्ताव अनुसार एक अध्यक्ष, ३ उपाध्यक्ष, एक महासचिव, एक उपमहासचिव र ५ सचिवको प्रस्ताव गरिएको छ। हाल एक अध्यक्ष, एक वरिष्ठ उपाध्यक्ष, ६ उपाध्यक्ष, १ महासचिव, ३ उपमहासचिव र ७ सचिव गरी १९ पदाधिकारी रहने व्यवस्था छ। तर, पदाधिकारी संख्या १५ राख्नेमा सहमति भएको सचिव योगेश भट्टराईले जानकारी दिए। '११ बाट बढाएर १५ जना पदाधिकारी राख्ने सहमति भएको छ,' भट्टराईले भने,'तर कुन पद राख्ने र थप्ने भन्नेमा छलफल जारी छ।'

यस्तै उपाध्यक्ष पौडेलले केन्द्रीय समितिलाई घटाउने प्रस्ताव गरेका थिए। उनको प्रस्तावमा १९९ सदस्यीय केन्द्रीय कमिटीको प्रस्ताव गरिएको छ। तर, बैठकले २५१ सदस्य केन्द्रीय कमिटी बनाउने निर्णय गरेको छ। हाल एमालेको ३०१ जनाको केन्द्रीय कमिटी छ।

> पदाधिकारी १५, केन्द्रीय कमिटी २५१ सदस्यीय

अघिल्लो विधान अधिवेशनबाट २२५ सदस्यीय केन्द्रीय कमिटी बनाउने निर्णय भएको थियो। चितवनमा भएको १० औं महाधिवेशनमा ३०१ सदस्यीय केन्द्रीय कमिटी बनाइएको थियो। यो विषयमा शुक्रबार साउन २ मा बस्ने पोलिटब्युरो र साउन ५ गते बस्ने केन्द्रीय कमिटीमा थप छलफल हुनेछ। एमालेको भदौ २० देखि ललितपुरको गोदावरीको सभा हलमा विधान अधिवेशन हुँदैछ।

### विद्या भण्डारीको विषय प्रवेश

एमालेको बैठकमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पार्टीमा फर्किने विषयले प्रवेश पाएको छ। अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र विद्या भण्डारीको विषयमा छलफल हुने बताएका छन्। सचिव योगेश भट्टराईले सचिवालय बैठकपछि अध्यक्ष ओली आफैंले विद्या भण्डारीको विषयमा पार्टीभित्र छलफल हुने बताएको जानकारी दिएका छन्। तर, बिहीबारको सचिवालय बैठकमा भने यो विषयमा छलफल भएन। सचिव भट्टराईले भने, 'यसबारेमा अध्यक्ष कमरेड आफैंले आजको बैठकमा भ्याइएन तर आवश्यक परेमा छलफल हुनेछ भन्नु भएको छ', उनले भने।

उनले भण्डारीलाई जिम्मेवारी दिने विषयमा पनि छलफल भएको बताए। 'अहिले नै उहाँलाई यो वा त्यो जिम्मेवारी दिने/नदिने भन्नु धेरै हतार हुन्छ। यसबारे कुरा भएको छैन, भट्टराईले भने, 'पार्टी अध्यक्षले पूर्वराष्ट्रपतिबारे छलफल गरौं भन्नु भएको छ। अब यो एमालेको विषय भइसकेको छ।' सचिव भट्टराईले सेवा सुविधा सबै त्यागेर पार्टीमा फर्किने पूर्वराष्ट्रपति भण्डारीले घोषणा गरिसकेको अवस्थामा बैठकमा नेताहरूले अध्यक्ष ओलीले अग्रसरता लिएर संवाद गर्नुपर्ने सुझाव दिएको बताए।

» बाँकी पृष्ठ ६